# भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
Bhimad, Tanahun
२०७३/2073

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


प.सं./Ref No.:२०७९/०८०
च.नं./Des No.:

**स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७९ को दफा ९ को उपदफा (५) वमोजिम तह कायम सम्वन्धी सूचना ।**

सूचना नं. ३-२०७९/०८०

सूचना प्रकाशन मितिः २०७९/१२/२४

प्रस्तुत विषयमा गण्डकी प्रदेश सभाबाट स्वीकृत "स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७९" को दफा ९ को उपदफा (५) मा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सहायकस्तर चौथो तहमा समायोजन भई आएका कर्मचारीहरुको सेवा अवधि पाँच वर्ष पुरा भएपछि एकपटकका लागि सहायक पाचौं तहको पदमा अख्तियारवालाले कायम गरिदिने सम्बन्धी व्यवस्था रहेकोमा उल्लेखित ऐनको दफा ९ को उपदफा (५) वमोजिम तह कायम गर्नको लागि दफा २७ वमोजिमका आवश्यक कागजात सहित तह कायम गर्ने भनी यस कार्यालयको मिति २०७९/१२/२४ गते निर्णय भएकोले सोही ऐनको दफा ९ को उपदफा (५) अनुसार समायोजन भई योग्यता पूरा गरेका, दफा ३१ वमोजिम नकारात्मक सूचीमा नपरेका यस कार्यालय र अन्तर्गत कार्यरत इच्छुक कर्मचारीहरुले दफा २७ बमोजिम आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा तह कायमका लागि तोकिएको ढाँचामा निवेदन (दुइ प्रति नेपाली कागजमा) पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए वमोजिम आवश्यक कागजात संलग्न नभएका आवेदन माथि कारबाही नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७९।१२।२४

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत